नेपाल सरकार

**अर्थ मन्त्रालय,सिंहदरवार**

# सवारी साधन मर्मत सम्वन्धी वोलपत्र आह्वानको सूचना

(पुनः प्रकाशित मिति २०७१।७।१६)

यस मन्त्रालयको स्वामित्वमा रहेका सवारी साधनहरु चालु आर्थिक वर्ष २०७१।७२ को लागि मर्मत सम्भार गर्न वोलपत्रको माध्यमबाट सेवा लिनु पर्ने भएकोले मू.अ.कर मा दर्ता भएका, काठमाण्डौ उपत्यका चक्रपथ भित्र वा सगै जोडिएका इच्छुक फर्म वा मर्मतशाला (workshop)बाट देहायको शर्तको अधिनमा रही रितपूर्वकको सिलवन्दी वोलपत्र प्रस्ताव आह्वान गरिएको छ।

१. यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र आर्थिक प्रशासन शाखामा रु. १०००/(एक हजार फिर्ता नहुने गरी) शुल्क वुझाए पछि स्टोर शाखाबाट वोलपत्र फाराम खरिद गर्न सकिनेछ। वोलपत्र साथ कारोवार दर्ता, मू.अ.कर/ आयकर प्रमाणपत्र, आ.व. २०६९/७० को कर चुक्ता प्रमाणपत्र र अन्य कागजातहरु पेश गर्नु पर्नेछ। उक्त वोलपत्र फाराम ३१ औं दिनको १२:०० वजे सम्म दर्ता भै सोही दिनको २:०० वजे मन्त्रालयमा खोलिनेछ। साथै सो दिन सार्वजनिक विदा परेमा भोलिपल्ट सोही समयमा खोलिनेछ।

२. आफूले कवोल गरेको रकम वोलपत्रमा अंक र अक्षरमा स्पष्ट उल्लेख गरी एभरेष्ट वैंक सिंहदरवार स्थित को.ले.नि.का. भुक्तानी केन्द्र ४ को नाउँमा रहेको धरौटी खाता नम्वर १३५००१/७१ मा रु. १०००००/(एक लाख) जम्मा गरेको सक्कल भौचर वा १२० दिन अवधि रहेको अर्थ मन्त्रालयको नाममा जारी गरेको वैंकको विडवण्ड (वैंक जमानी पत्र) समेतका आवश्यक कागजातहरु सिलवन्दी वोलपत्र साथ पेश गर्नु पर्नेछ।

३. वोलपत्र फाराममा दर रेट अंक अक्षर दुवैमा केरमेट नगरी स्पष्ट उल्लेख हुनु पर्ने र अंक अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ। केरमेट भएको अवस्थामा उक्त स्थानमा दस्तखत र फर्मको छाप अनिवार्य हुनु पर्नेछ।

४. रित नपुगेको र म्याद नाघी आएका वोलपत्रलाई मान्यता दिइने छैन। वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार मन्त्रालयमा निहीत रहने छ।

५. स्वीकृत वोलपत्र दाताले संझौता गर्न आउदा थप रु. १०००००/ (रु एकलाख) धरौटी वा २०७२ साल असार मसान्तसम्म अवधि रहेको परफरमेन्स वण्ड पेश गर्नु पर्नेछ।

६. यो सूचना अर्थ मन्त्रालयको website: www.mof.gov.np मा पनि हेर्न सकिने छ। अन्य केही वुझ्नु परेमा फोन नम्वर ४२११३६१ मा सम्पर्क राखी जानकारी लिन सकिनेछ।

७. अन्य विषयको हकमा प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ।